# कृषि औद्योगिक क्षेत्र (सुपर-जोन) विकास कार्यक्रम संचालन कार्यविधि -२०७३

नेपाल सरकार

कृषि विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

# कृषि औद्योगिक क्षेत्र(सुपर-जोन) विकास कार्यक्रम संचालन कार्यविधि -२०७३

## खण्ड १. पृष्ठभूमि

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका ४ वटा सम्भागहरुमध्ये चौथो सम्भागको रुपमा रहेको **कृषि औद्योगिक क्षेत्र(सुपर-जोन) विकास कार्यक्रम**को प्रभावकारी कार्यान्वयनका सन्दर्भमा परियोजनाको दस्तावेजमा उल्लेख भएको व्यवस्था बमोजिम नेपाल सरकारले यस**कृषि औद्योगिक क्षेत्र (सुपर-जोन) विकास कार्यक्रम संचालन कार्यविधि** -२०७३ कार्यविधि तयार गरी लागु गरेको छ ।

## खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यस कार्यविधिको नाम **कृषि औद्योगिक क्षेत्र (सुपर-जोन)** विकास कार्यक्रम संचालन कार्यविधि - २०७३ रहेको छ ।

२.२ यो कार्यविधी नेपाल सरकारवाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।

(ख) "सुपर जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको तोकिएको वाली/वस्तुमा न्यूनतम १००० हे क्षेत्रफलमा संचालन भएको कृषि औद्योगिक क्षेत्र सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले सम्वन्धित सुपर-जोनसंचालक समिति सम्झनु पर्दछ ।

(घ) "पोष्ट हार्भेष्ट सेन्टर" भन्नाले कृषि व्यवसायीकरणका लागि सम्वन्धित संचालक समिति वा अन्य निकायले संचालन गर्ने प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिंग, प्याकेजिंग तथा संकलन केन्द्र लगायतका उत्पादनोपरान्त आवश्यक पूर्वधारहरु सहितको सेवाकेन्द्रसम्झनु पर्दछ ।

(ङ) "कस्टम हायरिग सेन्टर" भन्नाले यान्त्रीकरण प्रवर्द्धनका सन्दर्भमा सम्वन्धित संचालक समिति वा अन्य निकायले संचालन गर्नेसम्वन्धित बाली/वस्तुका लागि उत्पादनदेखि भण्डारणसम्म आवश्यक पर्ने सवै प्रकारका मेशिनरी औजार उपकरणको सेटसहितको सुविधायुक्त केन्द्र सम्झनु पर्दछ ।

(च) "कृषिजन्य उद्योग" भन्नाले कृषि उपजलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग सम्झनु पर्दछ ।

(छ) "व्यवस्थापक" भन्नाले सम्वन्धित सुपर-जोन व्यवस्थापक सम्झनु पर्दछ ।

(ज) "परियोजना कार्यान्वयन इकाइ (PIU)" भन्नाले यस परियोजना अन्तरगत सुपर-जोन क्षेत्रमा रहने प्रशासनिक इकाइ सम्झनु पर्दछ ।

(झ) "विषय विशेषज्ञ" भन्नाले सुपर-जोन क्षेत्रमा प्राविधिक परामर्शका लागि नेपाल सरकारले करारमा नियुक्त गरेको सम्वन्धित विषयको विशेषज्ञ सम्झनु पर्दछ ।

(ञ) "कार्यदल" भन्नाले यसै कार्यविधिको दफा ४.३ बमोजिमको कार्यदल सम्झनु पर्दछ ।

(ट) "व्यवसायिक खेती" भन्नाले कम्तिमा देहाय वमोजिमको खेती गरेको सम्झनु पर्दछ ।

| वाली | क्षेत्रफल | | | कैफियत |
|---|---|---|---|---|
| | उच्च पहाड | मध्य पहाड | तराई | |
| खाद्यान्न वाली | ५ रोपनी | ५ रोपनी | १० कट्ठा | |
| तरकारी वाली | २ रोपनी | ३ रोपनी | १० कट्ठा | |
| माछा | १०० वर्ग मिटर | २ रोपनी | ६ कट्ठा | जलाशाय |
| मौरी | १० | २० | २० | आधुनिक घार |
| कन्य र गोब्रे च्याउ | | १० के.जी. | १० के.जी. | वीउको प्रयोग |
| सिताके च्याउ | ५०० मुढा | ५०० मुढा | ५०० मुढा | |
| फलफुल | १ रोपनी | १ रोपनी | ५ कट्ठा | |
| अलैची | ५ रोपनी | ५ रोपनी | - | |
| अदुवा/वेसार | १ रोपनी | २ रोपनी | ५ कट्ठा | |
| ट्राउट माछा | १०० वर्ग मिटर | १०० वर्ग मिटर | | |
| प्लाष्टिक घर | ३०० वर्ग मिटर | ३०० वर्ग मिटर | ३०० वर्ग मिटर | |

## खण्ड ३. उद्देश्य

३.१ कृषि औद्योगिक क्षेत्र(सुपर-जोन) विकास कार्यक्रम संचालनका उद्देश्यहरु देहायबमोजिम रहेका छन्-

(क) सुपर-जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै गुणस्तर एवं मूल्य अभिवृद्धीगर्ने,

(ख) सुपर-जोन क्षेत्रमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन, प्रशोधन केन्द्रहरुको स्थापना, कृषिजन्य उद्योग स्थापना, मूल वीउ उत्पादन तथा कृषि अनुसन्धान केन्द्र र अध्ययन संस्थान स्थापनामार्फत कृषि आधुनिकीकरणगर्दै आत्मनिर्भर कृषि अर्थतन्त्रको आधारशिला निर्माण गर्ने ।

## खण्ड ४. सुपर-जोन निर्माणप्रक्रिया

४.१ सुपर-जोन क्षेत्र निर्माणका लागि देहायका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछ-

क) सडकको पहुँच भएको वा हुनसक्ने

ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने

ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने

घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

ङ) वित्तीय संस्थाहरुको पहुँच भएको

च) बजारको उपलब्धता भएको वा हुनसक्ने

४.२ यस परियोजना अन्तरगत प्रथम वर्ष अर्थात आ.व २०७३/७४ का लागि परियोजना दस्तावेजको अनुसूची८बमोजिमकाजिल्लाहरुका तोकिएका क्षेत्रमातोकिएका बाली/वस्तुका कुल ७सुपर-जोनहरु संचालनमा रहनेछन् । परियोजना अवधिमा सम्भाव्यताका आधारमा २१ यस्ता सुपर-जोनहरु मुलुकभरमा निर्माण गरिनेछन् । थप सुपर-जोनहरु सम्वन्धी निर्णयपरियोजना कार्यान्वयन समितिको सिफारिशमा परियोजना निर्देशक समितिले गर्नेछ ।

४.३सुपर-जोन निर्माण गर्दा भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा क्षेत्रमा तोकिएका बाली/वस्तुका सुपर-जोनहरु निर्माण गर्न चाहने कृषक समुह/सहकारी/जल उपभोक्ता समूह/कृषिउद्यमी तथा व्यवसायिहरुको सूची तयार गरिनेछ । सूचीकृतहरुमध्येबाट आवश्यक संख्यामा सुपर-जोन छनौटका लागि परियोजना कार्यान्वयन इकाई(PIU) ले सम्वन्धित विषय विज्ञ/विशेषज्ञको संयोजकत्वमा आवश्यकतानुसार सदस्यहरु रहने गरी एक प्राविधिक कार्यदल बनाइनेछ ।उक्त कार्यदलले आवश्यक सूचकहरु तयार गरी र स्थलगत प्रमाणिकरण समेतका आधारमा सिफारिश गरे अनुरुप सम्वन्धित परियोजना कार्यान्वयन इकाई(PIU)ले सुपर-जोन क्षेत्रको छनौट गर्नेछ । तोकिएको क्षेत्रमा सुपर-जोन संचालन गर्न तोकिएको क्षेत्रफल नपुगेमा सम्भाव्य वरिपरिको क्षेत्र समेत समावेश गर्न सकिनेछ । यसरी सुपर-जोन क्षेत्र संचालन गर्न छानिएका कृषक समुह/सहकारी/जल उपभोक्ता समुह/कृषि उद्यमीहरु रहने दफा ५.१ अनुसारको सुपर-जोन संचालक समिति र सम्वन्धित परियोजना कार्यान्वयन इकाइकाबीच तोकिएका कार्यक्रमहरु संचालनका लागि एक सम्झौता हुनेछ ।संचालन गरिने कार्यक्रमका सम्बन्धमा सम्वन्धित सुपर-जोन कार्यान्वयन इकाईको समन्वयमा सम्वन्धित सुपर-जोन संचालक समितिले सम्बन्धित सुपरजोन क्षेत्रका कृषक/कृषक समूह/सहकारी/जलउपभोक्ता समिती/कृषी उद्यमीहरुको मागमा आधारित कार्यक्रमहरुको प्रस्तावना तयार गरी सोही बमोजिम सम्झौता गरिनेछ ।

## खण्ड ५. सुपर-जोन संचालन प्रक्रिया

५.१ सुपर-जोन संचालनका सम्वन्धमा सम्वन्धित परियोजना कार्यान्वयन इकाईसंग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्वन्धमा खण्ड ४ मा उल्लेखित प्रक्रियाद्वारा छनौट भइ कृषक समुह/सहकारी/जल उपभोक्ता समुह/फर्म/कृषि उद्यमीद्वारा संचालन गरिने सुपर-जोन क्षेत्रको संचालनका लागि सम्वन्धित कृषक समुह/सहकारी/जल उपभोक्ता समुह/कृषि उद्यमीहरुमध्येबाटै छानिएका व्यक्तिहरुकोप्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय सुपर-जोन संचालक समिति गठन गरिनेछ । यसको लागि सुपरजोन क्षेत्र छनौट भएपछी सुपरजोन भित्र रहेका कृषक समूह/सहकारी/कृषी उद्यमी/जल उपभोक्ता समितिहरुलाईसुपरजोन संचालक समिति गठनको लागि ७ दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानीय संचार माध्यम मार्फत आव्हान गरिनेछ । कार्यदलको शिफारिस अनुसार एक भन्दा बढी आवेदकहरुलाई संयुक्त रुपमा समिति गठनको लागि समेत अनुरोध गर्न सकिने छ

। तोकिएको अवधिमा समिति गठन भई नआएमा सम्बन्धित सुपरजोन कार्यान्वयन इकाईले सहजिकरण गरी १५ दिन भित्र समिति निर्माण गर्न सक्नेछ । समितिको सदस्यरु सम्वन्धित बाली/वस्तुको व्यवसायिक खेतीमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ । उक्त समितिमा संयोजक, उपसंयोजक, सचिव र सहसचिव एक-एक जना र बाँकी ५ जना सदस्य रहनेछन् । सुपर-जोन संचालक समितिको प्रमुख कार्यकारी पदहरुमा कम्तिमा १ जना महिला हुनु पर्नेछ । तोकिएको क्षेत्रफलको व्यवस्थापन गरि कृषि उद्यमी, कम्पनी वा फर्म एक्लैले संचालन गर्ने सुपर-जोन क्षेत्रको हकमा भने त्यस्तो कृषक उद्यमी, कम्पनी वा फर्म स्वयंले नै सुपर-जोन सन्चालक समितिको भूमिका निर्वाह गर्नेछ । संविधानको भावना अनुरुप स्थानीय तह गठन भैसकेपछी यस परियोजना अन्तर्गतका कार्यक्रमहरु स्थानीय निकायमा हस्तान्तरण गर्ने भन्ने समेत परियोजना दस्तावेजमा उल्लेख भएको सन्दर्भमा सम्बन्धित स्थानीय तहका प्रमुख उक्त समितिको आमन्त्रित सदस्यको रुपमा रहनेछन् ।सुपर-जोन कार्यान्वयनमा खटिने तोकिएको बरिष्ठ कृषि अधिकृत, नजिकको कृषि सेवा केन्द्र, फार्म केन्द्र, कृषि तालिम केन्द्र, प्रयोगशाला, र कृषि अनुसन्धान केन्द्रका प्रतिनिधिहरु, सरोकारवाला निकायका जिल्ला स्थित कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, क्षेत्रीयस्तरका कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु समेत सुपर-जोन संचालक समितिको सल्लाहकारका रुपमा रहनेछन् । यस समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्न गराउन नेपाल सरकारको तर्फबाट उपलब्ध गराइने सहजिकरण प्रावधान अनुसारको प्राप्त हुने सम्पूर्ण सहयोग रकम सुपरजोन कार्यान्वयनमा खटिने सुपरजोन प्रमुखको सहमतिमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार खर्च गरिनेछ ।

५.२सुपर-जोनसंचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क) तोकिएका मापदण्डहरुका आधारहरुमा सुपर-जोन व्यवस्थापक नियुक्त गर्ने

ख) सुपर-जोन व्यवस्थापकको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने

ग) सुपर-जोन कार्यक्रम संचालन गर्नका लागि आवश्यक उत्पादन सामग्री र सो को परिमाण आंकलन गर्ने, उत्पादन योजना तयार गर्ने, आवश्यक उत्पादन र अन्य सामग्रीको श्रोत परिचालन गर्ने ।सम्बन्धित वालिको बालीचक्र निर्धारण गर्ने ।

घ) सुपर-जोनमा निर्माण हुने पुर्वाधार विकास सम्वन्धी कार्यका लागि परियोजना कार्यान्वयन इकाइसंग आवश्यक समन्वय गर्ने ।

ङ) सुपर-जोन संचालनका लागि परियोजना कार्यान्वयन इकाई, जिल्ला कृषि विकास कार्यालयर अन्य सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गर्ने ।

च) सुपर-जोनलाई व्यवस्थित रुपमा संचालनका लागि आधार तयार गर्ने, संलग्न कृषक समुह/सहकारी/उपभोक्ता समूहसमिति/फर्म/कृषि उद्यमी लगायतसंग निरन्तर सम्वाद र सहकार्य गर्ने ।

छ) संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपमार आवश्यकतानुसार अन्य समयमा बस्नेछ ।बैठकमा समिति बाहिरका प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

ज) सुपर-जोन संचालन सम्बन्धि आन्तरिक आचारसहिता (code of conduct) आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।

झ) कार्यक्रम संचालनको लागि समितिले विनियममा उल्लेख गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

ञ) समिति मार्फत सञ्चालन गरिने आर्थिक कारोवारहरुको लेखा व्यवस्थापन तथा लेखा परीक्षण प्रतिवेदन तयार गर्ने ।

ट) सुपर-जोन निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरु गर्ने ।

ठ) कार्यक्रमको दिगोपनाको लागि समितिको अवधी र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधी समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ । तर समितिका पदाधिकारी र सदस्यहरुको पदावधी २ बर्षभन्दा बढी हुने छैन । समितिले आवश्यक विनियम तयार गरी सोही वमोजिम समितका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ । समितिमा एकै परिवारवाट एक भन्दा बढी व्यक्ती रहन सक्ने छैन र एकै व्यक्ती लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहन सक्ने छैन ।तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन ।

ड) समिति गठन भएको ६ महिना भित्र जिल्ला कृषि विकास कार्यालयमा दर्ता हुनुपर्नेछ ।उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

५.२ सुपर-जोन व्यवस्थापक(Super-Zone Manager)को नियुक्ति, काम कर्तव्य र अधिकार-

जिल्लामा संचालन हुने सुपर-जोन विकास कार्यक्रमको प्रभावकारी संचालन तथा आवश्यक समन्वयका लागि सुपर-जोनसंचालक समितिले देहायको योग्यता भएको एक सुपर-जोन व्यवस्थापक नियुक्त गर्नेछ-

क) कम्तीमा बी.एस्सी.एजी शैक्षिक योग्यता भएको,

ख) कृषि उपज/वस्तुको व्यवसाय/वजार/उद्योग व्यवस्थापन कार्यमा न्यूनतम ३ वर्ष अनुभव भएको,

ग) ५० वर्ष उमेर ननाघेको,

घ) समन्वय क्षमता उच्च रहेको,

ङ) स्थानीय भाषा बोलचाल गर्न सक्ने

च) कुनै राजनितिक दलको सांगठनिक पदमा (निर्वाचित पदाधिकारी) नरहेको

छ) सरकारी वा कुनै संगठित संस्थाको वहालवाला कर्मचारी नरहेको

ज) नैतिक पतन, आर्थिक अपचलन वा कुनै फौजदारी अभियोगमा कसुरवार नठहरिएको

झ) मानसिक अवस्था सामान्य रहेको

५.३ सुपर-जोन व्यवस्थापकको काम, कर्तव्य र अधिकार सुपर-जोन संचालक समितिले तोके बमोजिम हुनेछ ।

५.४ सुपर-जोन व्यवस्थापको पारश्रमिक सुपर-जोनसंचालक समितिले निर्धारण गरे बमोजिम समितिवाटै भुक्तानी हुनेछ ।

## खण्ड ६. संचालन गरिने कार्यक्रम/क्रियाकलाप

### ६.१ सुपर-जोनस्तरमा परियोजना अभिमुखीकरण

क) सम्वन्धित परियोजना कार्यान्वयन इकाइ (PIU)ले सुपर-जोन क्षेत्रका कृषक, कृषक समुह/सहकारी/जल उपभोक्ता समूह/बजार संचालक समिति/कृषिउद्यमी/फर्म,कृषि उद्योगी तथा व्यवसायी, नीजि सेवा प्रदायक लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितीमा परियोजना र सुपर-जोन संचालन सम्वन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नेछ।

## ६.२ प्रविधि तथा प्राविधिक सहयोग

क) सम्वन्धित परियोजना कार्यान्वयन इकाइ (PIU)ले प्रत्येक सुपर-जोनक्षेत्रमा सम्वन्धित बाली/वस्तुका १ हे. क्षेत्रफलमा सहभागितात्मक वैज्ञानिक उत्पादन तथा प्रशोधन प्रविधि प्रदर्शनतथा सिकाई केन्द्र संचालन गरिनेछ । यस्ता केन्द्रहरु संभाव्यता र आवश्यकताका आधारमा सुपरजोन क्षेत्रको प्रत्येक गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा.को उपयुक्त स्थानमा कम्तिमा १/१ वटा रहने गरी सञ्चालन गर्न सकिनेछ । परियोजना दस्तावेजमा उल्लेख भए अनुसार प्राविधिक सहयोगमा नेपाल सरकारको तर्फबाट सतप्रतिशत अनुदान सहयोग हुनेछ ।

ख) सुपर जोन क्षेत्र तोकि सके पछि, सो क्षेत्र वरिपरिका साना किसानलाई आधुनिकीकरण तर्फ आर्कषण गराई सुपर जोन क्षेत्र विस्तारको लागि उपयुक्त वातावरण तयार गर्न सुपरजोन आसपासका क्षेत्रहरुमा यान्त्रिकरण प्रदर्शनका कार्यक्रमहरु समेत संचालन गरिनेछ ।

ग) सम्वन्धित सुपर-जोन क्षेत्रमा एकिकृत माटो, वीउ र बाली संरक्षण सेवा उपलव्ध गराउन माटो, वीउ, बाली संरक्षण र खाद्य प्रविधि प्रयोगशाला स्थापना गरिनेछ। साथै सुपरजोन क्षेत्र नजिक विद्यमान रहेका सम्बन्धित श्रोत केन्द्रहरु (फार्म, प्रयोगशाला, वजार, प्रशोधन उद्योग) हरुको सुदृढीकरण र आधुनिकिकरण गरिनेछ ।

घ) पहिचान भएको सुपर जोन क्षेत्र र सो वरिपरीको क्षेत्र/गा.वि.स.हरुमा सम्वन्धित वालीका सघन साना व्यसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्न सकिने छ।

ङ) यसका अलावा आवश्यकता अनुसार प्रविधी प्रसार तथा प्राविधिक सहयोगका कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्न सकिनेछ ।

## ६.३ संस्थागत सहयोग कार्यक्रम

### ६.३.१ कृषि अध्ययन संस्थान/कलेज स्थापना/सुदृढिकरण सहयोग

क) प्रत्येक सुपर-जोनमा कृषि अध्ययन संस्थान/कलेज संचालन/सुदृढिकरण सहयोगको कार्यक्रम संचालन गरिनेछ । यसको लागि परियोजना कार्यान्वयन इकाईले प्राविधिक शिक्षालय संचालन/सुदृढिकरण गर्न चाहने निकाय/संस्थासंग सम्झौता गरी कार्यान्वयन गर्नेछ ।

### ६.३.२ एकिकृत कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापना सहयोग

क) प्रत्येक सुपर-जोनमा नेपाल कृषि अनुसन्धान परिषद्‌र कृषि विभागमार्फत एकिकृत कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापना सहयोगको कार्यक्रम संचालन गरिनेछ ।नेपाल कृषि अनुसन्धान परिषद्‌ले सम्वन्धित सुपर-जोनमा सम्वन्धित बाली/वस्तुको अनुसन्धान तथा विकासका लागि सम्वन्धित वैज्ञानिकको नेतृत्वमा एउटा अनुसन्धान इकाई स्थापना हुनेछ । प्रविधि प्रसारका लागि कृषि विभाग अन्तरगत कृषि अधिकृतको नेतृत्वमा प्रविधि प्रसार टोली रहनेछ ।

ख) यस्तो अनुसन्धान इकाइले सम्वन्धित सुपर-जोन क्षेत्रमा लगाइने बाली सम्वद्ध अनुसन्धान तथा सो बाली/वस्तुको मूल वीउ उत्पादन सम्वन्धि कार्यहरु गर्नेछ । यस्तो इकाइलाई सम्वन्धित कृषि अध्ययन संस्थान, कलेज, जिल्ला कृषि विकास कार्यालय, अनुसन्धान केन्द्र, क्षेत्रीय प्रयोगशाला/फार्म/केन्द्र र सम्वन्धित सुपर-जोन कार्यान्वयन इकाईले आवश्यक सहयोग पुर्याउनेछ ।

## ६.४ कृषि यान्त्रीकरणका लागि Custom Hiring Center स्थापना

क) सम्वन्धित सुपर-जोनमा यान्त्रीकरण प्रवर्द्धनका लागि तोकिएका बाली/वस्तुको उत्पादन देखि भण्डारणसम्म आवश्यक पर्ने सवै प्रकारका मेशिनरी औजार उपकरणको सेट खरिदमा परियोजना दस्तावेजमा उल्लेख भए वमोजिमको बढीमा ५० प्रतिशत पूंजीगत अनुदान उपलव्ध गराइनेछ ।

ख) सम्वन्धित सुपर-जोनका लागि आवश्यक मेशिनरी औजार उपकरण र ढुवानी साधन समेतको सेटको विवरण र लागत इष्टिमेट आवश्यकता अनुसार कृषि इन्जिनियरिंग निर्देशनालयको सहयोग र सम्बन्धित कार्यक्रम निर्देशनालय/सम्बन्धित वाली, वस्तुको राष्ट्रिय कार्यक्रम संगको समन्वयमा सम्वन्धित परियोजना कार्यान्वयन इकाई(PIU)ले गर्नेछ ।

ग) यस्तो केन्द्र स्थापनाका लागि सम्वन्धित संचालक समिति वा सम्वन्धित कृषि उद्यमीले आवश्यक घर तथा जग्गा उपलव्ध गराउनु पर्नेछ । यस्तो जग्गा सम्बन्धित संचालक समितिको आफ्नै स्वामित्वमा नभएमा कम्तिमा १० बर्ष अवधिका लागी भाडामा लिएको हुनुपर्नेछ । जग्गा उपलब्ध हुन नसकेको अवस्थामा घर भाडामा लिएर समेत संचालन गर्न सकिनेछ ।

घ) सम्वन्धित सुपर-जोन संचालक समितिले उक्त मेशिनरी औजार उपकरणको सेट खरिद गरि Custom Hiring Center संचालन गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलव्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य

कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषिउद्यमी/फर्मवा नीजि सेवा प्रदायकलाई सम्वन्धित सुपर-जोनलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलव्ध गराउने शर्तमा यस कार्यका लागि अनुदान उपलव्ध गराउन सकिनेछ ।

ङ) यस केन्द्र संचालन गरेबापतको पूंजीगत अनुदान सम्वन्धित सुपर जोन संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषिउद्यमी/फर्मवा नीजि सेवा प्रदायकको बैंक खातामा विद्यमान आर्थिक ऐन नियम अनुसार उपलव्ध गराइनेछ ।

च) यसरी **Custom Hiring Center** स्थापना तथा सञ्चालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित परियोजना कार्यान्वयन इकाई बीच सम्झौता गरी सोही वमोजिम कार्यान्वयन गरिने छ ।

छ) यसरी स्थापना हुने **Custom Hiring Center**हरुले सम्बन्धित सुपर-जोनमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

## ६.५ पोष्ट हार्भेष्ट सेन्टर स्थापना

क) सम्वन्धित सुपर-जोनमा कृषि व्यवसायीकरणका लागि प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिंग, प्याकेजिंगप्रि-कुलिङ, तौलाई, लेवलिङ, ढुवानी, प्रदर्शन तथा विक्री कक्ष/स्टल लगायतका उत्पादनोपरान्त उपज व्यवस्थापन/ह्याण्डलिङ तथा वजार व्यवस्थापन सम्बन्धी आवश्यक पूर्वधारहरु र ठूला ढुवानी साधन समेत रहेको एक पोष्ट हार्भेष्ट सेन्टर निर्माण गरिनेछ ।यसका लागि परियोजना दस्तावेजमा उल्लेख भए वमोजिमको बढिमा ८५ प्रतिशत पूंजीगत अनुदान उपलव्ध गराइनेछ ।

ख) यस्तो केन्द्र स्थापनाका लागि सम्वन्धित संचालक समिति वा सम्वन्धित कृषि उद्यमीले आवश्यक घर तथा जग्गा उपलव्ध गराउनु पर्नेछ । यस्तो जग्गा सम्बन्धित संचालक समितिको आफ्नै स्वामित्वमा नभएमा कम्तिमा १० बर्ष अवधिका लागी भाडामा लिएको हुनुपर्नेछ । जग्गा उपलब्ध हुन नसकेको अवस्थामा घर भाडामा लिएर समेत संचालन गर्न सकिनेछ ।

ग) सम्वन्धित सुपर-जोनका लागि आवश्यक पोष्ट हार्भेष्ट सेन्टरको विस्तृत डिजाइन र लागत इष्टिमेट आवश्यकता अनुसार कृषि इन्जिनियरिग निर्देशनालयको सहयोग र सम्बन्धित कार्यक्रम निर्देशनालय, वाली/वस्तका राष्ट्रिय कार्यक्रम, कृषि व्यवसाय प्रवर्द्धन तथा वजार विकास

निर्देशनालय र पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालयसंग आवश्यकता अनुसारको समन्वयमा सम्वन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले गर्नेछ ।

घ) सम्वन्धित सुपर-जोन संचालक समितिले यस्तो पोष्ट हार्भेष्ट सेन्टर संचालन गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलव्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषिउद्यमी/फर्मवा नीजि सेवा प्रदायकलाई सम्वन्धित सुपर-जोनलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलव्ध गराउने शर्तमा यस वापतको अनुदान उपलव्ध गराइनेछ।

ङ) यस सेन्टर संचालन गरेवापतको पूंजीगत अनुदान सम्वन्धित सुपर जोन संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषिउद्यमी वा नीजि सेवा प्रदायकको बैंक खातामा विद्यमान आर्थिक ऐन नियम अनुसार उपलव्ध गराइनेछ ।

च) यसरी **पोष्ट हार्भेष्ट सेन्टर** स्थापना तथा सञ्चालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित परियोजना कार्यान्वयन इकाई विच सम्झौता गरी सोही वमोजिम कार्यान्वयन गरिने छ ।

छ) यसरी स्थापना हुने **पोष्ट हार्भेष्ट सेन्टर**हरुले सम्बन्धित सुपर-जोनमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

## ६.५ हाइटेक नर्सरी पूर्वाधारविकास सहयोग

क) स्वस्थ तथा गुणस्तरीय विरुवा उत्पादनका लागि सरकारी-नीजि-सहकारी/समुहको साझेदारीमा सपुर-जोन क्षेत्रमा उच्च प्रविधियुक्त/हाइटेक नर्सरी तथा नर्सरी पूर्वाधार स्थापना गरिनेछ । यसका साथै नर्सरी स्थापना गर्न आवश्यक पर्ने सेड हाउस, स्क्रिन हाउस, ग्रीन हाउस लगायतका पूर्वाधारहरु स्थापनामा समेत अनुदान उपलब्ध गराइनेछ । यसका लागि परियोजना दस्तावेजमा उल्लेख भए वमोजिमको बढीमा ८५ प्रतिशत अनुदान उपलव्ध गराइनेछ ।

ख) यस्तो नर्सरी तथा नर्सरी पूर्वाधार स्थापनाका लागि सम्वन्धित सुपरजोन संचालक समिति वा सम्वन्धित कृषक उद्यमीले आवश्यक जग्गा उपलव्ध गराउनु पर्नेछ ।

ग) सम्वन्धित सुपर-जोनका लागि आवश्यक हाइटेक नर्सरी तथा नर्सरी पूर्वाधारको विस्तृत डिजाइन र लागत इष्टिमेट आवश्यकता अनुसार सम्बन्धित निर्देशनालयको सहयोग र समन्वयमा सम्वन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले गर्नेछ ।

घ) सम्वन्धित सुपर जोन संचालक समितिले यस्तो हाइटेक नर्सरी तथा नर्सरी पूर्वाधार स्थापना गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलब्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषिउद्यमी/फर्मवा नीजि सेवा प्रदायकलाई सम्वन्धित सुपर-जोनलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा विरुवा उपलब्ध गराउने शर्तमा यस वापतको अनुदान उपलब्ध गराइनेछ।

ङ) यस्ता उच्च प्रविधियुक्त नर्सरी तथा नर्सरी पूर्वाधार संचालन गरेवापतको पूंजीगत अनुदान सम्वन्धित सुपर जोन संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषिउद्यमी/फर्मवा नीजि सेवा प्रदायकको बैंक खातामा विद्यमान आर्थिक ऐन नियम अनुसार उपलब्ध गराइनेछ ।

च) यसरी उच्च प्रविधियुक्त**नर्सरी तथा नर्सरी पूर्वाधार** स्थापना तथा सञ्चालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित परियोजना कार्यान्वयन इकाईविच सम्झौता गरी सोही वमोजिम कार्यान्वयन गरिने छ ।

छ) यसरी स्थापना हुने **नर्सरी तथा नर्सरी पूर्वाधार**हरुले सम्बन्धित सुपर-जोनमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

## ६.६ सिंचाइपूर्वाधार निर्माण तथा मर्मत सम्भार सहयोग

क) साना सिंचाइ निर्माण तथा मर्मत सुधार सम्बन्धित सुपर-जोन संचालक समितिले निर्णय गरे बमोजिमका स्थानमा सम्बन्धित सुपर-जोन संचालक समिति वा समितिले तोकेको समूह/सहकारी र सम्बन्धित परियोजना कार्यान्वयन इकाई बीच सम्झौता गरी कार्यान्वयन गरिनेछ । यस्ता पूर्वाधारहरु निर्माण गर्दा परियोजना दस्तावेजमा उल्लेख भए बमोजिमको वढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

ख) मझौला तथा ठूला सिंचाइ निर्माण तथा मर्मत सम्भारका लागि सिंचाइ मन्त्रालयको समन्वयमा संचालन गरिनेछ ।

## ६.७ मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना सहयोग कार्यक्रम

क) भौगोलिक क्षेत्र अनुसार उपयुक्त मत्स्य पोखरी तथा ह्याचरी निर्माण सम्बन्धित सुपर-जोन संचालक समिति मार्फत गरिने छ । साथै प्रत्येक सुपरजोन क्षेत्रमा कम्तिमा एक वटा सिंचाई प्रयोजन र एकिकृत मत्स्य पालन र प्रविधी प्रदर्शन सहितको आधुनिक नमूना मत्स्य पोखरी निर्माण गरिनेछ ।

ख) यस समितिले मत्स्य ह्याचरी स्थापना गर्न विभिन्न कारणले अनिच्छुक देखिएमा सो कार्य गर्न इच्छुक अन्य कृषक, कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिवा नीजि सेवा प्रदायकलाई सम्वन्धित सुपर-जोनलाइ प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा मत्स्य भूरा उपलव्ध गराउने शर्तमा यस वापतको अनुदान उपलव्ध गराउन सकिने छ ।

ग) मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापनाका लागि आवश्यकता अनुसार सम्वन्धित निर्देशनालयको प्राविधिक सहयोग र समन्वयमा सम्वन्धित परियोजना कार्यान्वयन इकाईले मत्स्य पोखरी निर्माण तथा ह्याचारी स्थापना सहयोग संचालन गरिनेछ ।

घ) मत्स्य पोखरी र ह्याचरी निर्माण गर्दा विद्यमान व्यवस्था बमोजिमको अनुदान सहयोग उपलव्ध गराईनेछ ।

ङ) साथै आवश्यकता र संभाव्यताका आधारमा साना संरक्षण करेशा पोखरी (Conservation Kitchen Pond) हरु निर्माण गर्न ५० प्रतिशत सम्म अनुदान सहयोग प्रदान गर्न सकिनेछ ।

च) यसरी मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना तथा सञ्चालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित परियोजना कार्यान्वयन इकाईविच सम्झौता गरी सोही वमोजिम कार्यान्वयन गरिने छ ।

छ) यसरी स्थापना हुने मत्स्य ह्याचरीहरुले सम्बन्धित सुपरजोनमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

ज) सुपर-जोन संचालन हुने क्षेत्रमा परियोजना लागु हुनभन्दा अगावै संचालनमा रहेका मत्स्य ह्याचरीहरुको सुदृढीकरणमा समेत यस किसिमको अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

## ६.७ कृषि प्रविधि केन्द्र स्थापना तथा संचालन

क) सम्वन्धित सुपर-जोन क्षेत्रका कृषकहरुलाई लक्षित गरी नयाँ प्रविधिहरु सम्बन्धि जानकारी प्राप्त गर्ने थलोको रुपमा एक कृषि प्रविधि केन्द्र सुपरजोन कार्यान्वयन इकाई वा नजिकको कृषि सेवा केन्द्रमा स्थापना गरिनेछ । सामुदायिक कृषि प्रसार सेवाकेन्द्र संचालनमा आएपछी संभाव्यताको आधारमा कृषि प्रविधि केन्द्रहरु सामुदायिक कृषि प्रसार सेवा केन्द्रलाई हस्तान्तरण गरिनेछ ।

ख) यस्तो केन्द्रमा न्यूनतम रुपमा देहायका सुविधाहरु रहने छन्-

१. इन्टरनेट सेवा सहितको कक्ष

२. नविनतम कृषि प्रविधि सम्वन्धि जानकारीहरु भएका जर्नल/पुस्तक/पत्रिकाहरु पढ्ने व्यवस्था

३. टोल फ्रि सेवा/किसान कल सेन्टर सेवा

४. कृषकले कृषि सम्बन्धि जानकारी माग गर्ने अन्य विषयहरुको सम्बोधन हुने व्यवस्था ।

## ६.९ प्रांगारिक मल कारखाना स्थापना सहयोग

क) सुपर जोन क्षेत्रमा प्रांगारिक मलको व्यवस्थापनका लागि हाल संचालनमा रहेका प्रांगारिक मल कारखानालाइ सहयोग गर्ने वाप्रांगारिक मल कारखाना स्थापना कार्यवधि, २०६७ बमोजिम नयाँ कारखाना स्थापना गर्ने व्यवस्था सम्वन्धित परियोजना कार्यान्वयन इकाइवाट आवश्यकतानुसार निर्णय लिइ संचालनमा ल्याउन सहयोग गरिनेछ ।

## ६.१० जैविक विषादी उत्पादन केन्द्र स्थापना सहयोग

क) सुपर जोन क्षेत्रमा जैविक विषादी उत्पादनकालागि हाल संचालनमा रहेका बानयाँ हुने उत्पादन केन्द्रहरुलाईसुपरजोन सन्चालक समितिको सिफारिसमा कार्यान्वयन इकाइबाट आवश्यकतानुसार निर्णय लिइ अनुदान उपलब्ध गराईनेछ।

## ६.११ टिस्युकल्चर ल्याबोरेटरी स्थापना तथा संचालन

क) सम्वन्धित सुपर-जोनमा आवश्य गुणस्तरिय बिउ/बिरुवा उत्पादनकालागि टिस्यूकल्चर ल्याबोरेटरी स्थापनार्थ ५० प्रतिशत पूंजीगत अनुदान उपलव्ध गराइनेछ ।

ख) यस्तो ल्याव स्थापनाका लागि सम्वन्धित संचालक समिति वा सम्वन्धित कृषि उद्यमीले आवश्यक जग्गा उपलव्ध गराउनु पर्नेछ ।

ग) सम्वन्धित सुपर-जोनका लागि आवश्यक टिस्यूकल्चर ल्याबोरेटरीको विस्तृत डिजाइन र लागत इष्टिमेट आवश्यकता अनुसार कृषि इन्जिनियरिंग निर्देशनालयको तथा राष्ट्रिय आलु विकास कार्यक्रमको सहयोग र समन्वयमा सम्वन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले गर्नेछ ।

घ) सम्वन्धित सुपर जोन संचालक समितिले यस्तो पोष्ट हार्भेष्ट सेन्टर संचालन गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलव्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषि उद्यमी वा नीजि सेवा प्रदायकलाइ सम्वन्धित सुपर-जोनलाइ प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलव्ध गराउने शर्तमा त्यस्ता कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषि उद्यमी वा नीजि सेवा प्रदायकलाइ यस वापतको अनुदान उपलव्ध गराइनेछ।

ङ) यस सेन्टर संचालन गरेवापतको पूंजीगत अनुदान सम्वन्धित सुपर जोन संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषि उद्यमी वा नीजि सेवा प्रदायकको बैंक खातामा विद्यमान आर्थिक ऐन नियम अनुसार उपलव्ध गराइनेछ ।

## ६.१२ बीउबिजन आन्तरिक गुणस्तर नियन्त्रण

क) सुपरजोन क्षेत्रमा उत्पादन भएको बीउ तथा बाह्य क्षेत्रबाट उत्पादन/प्रशोधन भई सुपरजोन क्षेत्रमा प्रयोग हुने बीउ बिजनहरुको आन्तरिक गुणस्तर नियन्त्रण कार्य बीउ बिजन गुणस्तर नियन्त्रण

केन्द्र, क्षेत्रिय वीउ विजन प्रयोगशाला र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुको सहयोग समन्वयमा विद्यमान निर्देशिका/कार्यविधी वमोजिम गरिनेछ।

## ६.१३ द्रुत विषादी अवशेष परिक्षण प्रयोगशाला स्थापना सहयोग

क) बाली संरक्षण निर्देशनालयको सहयोग र समन्वयमा हाल प्रचलित प्रावधानअनुरुप नै यस्ता द्रुत विषादी अवशेष परिक्षण प्रयोगशाला तरकारी र आलुबालीको सुपर-जोन क्षेत्रमा व्यवस्था गरिनेछ ।

## ६.१५ मिनिल्याव स्थापना सहयोग (माटो, वीउ, बाली संरक्षण, माछा र खाद्य प्रविधि तथा गुण नियन्त्रण)

क) प्रत्येक सुपरजोनमा सम्बन्धित वालिका लागि आवश्यक पर्ने प्रयोगशाला सेवा सन्चालन गर्नका लागि सुपरजोन सन्चालक समिति वा सुपरजोन क्षेत्र भित्र रहेका सम्वन्धित अध्ययन संस्थान/प्रयोगशाला/फार्म/केन्द्रहरुलाई स्विकृत वार्षिक बजेटको अधिनमा रही एकमुष्ठ अनुदान प्रदान गरिनेछ। यसरी अनुदान प्राप्त गर्ने संस्थाहरुले सुपरजोन कार्यान्वयन ईकाईसंग सम्झौता गरी सम्झौताका सर्तबमोजिम सुपरजोन भित्रका कृषकहरुलाई प्राथमिकतामा राखी प्रयोगशाला सेवा प्रदान गर्नुपर्नेछ।

## ६.१६ कृषिजन्य उद्योग स्थापना सहयोग

क) हरेक सुपर-जोनमा सम्वन्धित बाली/वस्तुको प्रशोधनमा आधारित उद्योग/उद्योगहरु स्थापना गरिनेछ । साथै संभाव्यता र आवश्यकताका आधारमा सम्बन्धित सुपरजोन कार्यान्वयन इकाईको शिफारिसमा तोकिएका बालि वस्तुमा आधारित उद्योगहरु सुपरजोन क्षेत्रमा उत्पादित वालि/वस्तुहरु कच्चा पदार्थको रुपमा खपत हुने शर्तमा अन्य क्षेत्रमा समेत स्थापना गर्न सकिनेछ ।

ख) यस सम्बन्धी कार्यक्रमहरु उद्योग मन्त्रालयबाट सन्चालन हुनेछ।

## ६.१७ स्थानीय श्रोत व्यक्ती परिचालन

क) सामाजिक परिचालन मार्फत परियोजनाको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गर्नका साथै सुपरजोन संचालक समिति र जिल्ला कृषि विकास कार्यालय तथा परियोजना कार्यान्वयन इकाई विच समन्वय कायम गर्न सम्बन्धित सुपरजोन क्षेत्रमा आवश्यकता अनुसारका संख्यामा स्थानीय श्रोत व्यक्ती नियुक्त गरी परिचालन गर्न सकिने छ ।

ख) यसको लागि सम्बन्धित सुपरजोन कार्यान्वयन इकाईले आवेदन माग गरी सम्झौतामा उल्लेख गरीए वमोजिमका कार्यहरु संचालन गर्नको लागि स्वीकृत बार्षिक बजेटको अधिनमा रही सेवा सुविधा प्रदान गर्ने गरी स्थानीय श्रोत व्यक्ती परिचालन गर्न सक्नेछ ।

ग) स्थानीय श्रोत व्यक्तीको लागि आवेदन दिने उमेदवारहरुले देहायका मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

- सुपरजोन क्षेत्र अन्तरगत रहेका गा.वि.स./न.पा. भित्र उपलब्ध भएसम्म स्थाई बसोवास भएको।
- नेपाली नागरिक
- अन्य कुनै संघ संस्थामा रोजगार नभएको र भएमा उक्त रोजगारी परित्याग गर्न तयार भएको ।
- १०+२, JT/JTA वा सो सरहको शैक्षिक योग्यता भएको ।
- दलित, आदिवासी जनजाती, मधेसी, मुस्लिम, पिछडिएको बर्ग र महिलालाई प्राथमिकता दिईने ।
- सामाजिक परिचालकको रुपमा काम गर्न ईच्छुक
- परियोजनाका सेवाग्राही तथा सरोकारवाला विच सेवा आदान प्रदान गर्न सक्ने क्षमता भएको
- स्थानीय स्तरमा बोलिने भाषा बोल्न र लेख्न सक्नेलाई प्राथमिकता दिइने
- उन्नत कृषि प्रविधि सम्बन्धि ज्ञान भएको साथै सामाजिक परिचालको रुपमा कार्य गरेका अनुभवीलाई प्राथमिकता दिईने
- ग्रामिण कृषि कार्यकर्ता तालिम प्राप्त गरेकालाई विशेष प्राथमिकता दिइने ।
- उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- स्वयंम सेवा प्रकृतिको कार्यभएको हुनाले कार्यालयवाट उपलब्ध गराईने मासिक पारिश्रमिक बापतको रकममा काम गर्न ईच्छुक

घ) स्थानीय श्रोत व्यक्तीको TOR देहाय वमोजिमको हुनेछ -

- सम्बन्धित सुपरजोनमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सहजिकरण गर्ने ।
- कार्यक्षेत्रमा रही कृषि सम्वन्धी तथ्यांकहरु तथा कम्पाइल गर्न सहजिकरण गर्ने ।

- कृषकहरुका आवश्यकता/समस्याहरु संकलन तथा कम्पाइल गरी विज्ञसमक्ष परामर्श गरी समाधान गर्न सहजिकरण गर्ने।
- सम्बन्धित परियोजना कार्यान्वयन इकाईको मातहतमा रही अन्य तोकिएका कार्यहरु गर्ने ।

## ६.१९ बिषय विशेषज्ञको नियुक्ती

क) सुपरजोन व्यवस्थापन इकाईको मातहतमा रही तोकिएका कार्यहरु संचालन गर्न र कार्यक्रम संचालनको क्रममा आवश्यक प्राविधिक परामर्श उपलब्ध गराउन सुपरजोन कार्यान्वयन इकाईले विद्यमान आर्थिक ऐन नियम वमोजिम एक जना विषय विशेषज्ञ नियुक्ती गर्न सक्नेछ ।

ख) निजलाई स्वीकृत वजेटमा व्यवस्था भए वमोजिमको सम्झौतामा उल्लेख गरी सेवा सुविधा प्रदान गर्नेछ ।

ग) विषय विशेषज्ञको उम्मेदवार हुनका लागि देहाय वमोजिमको मापदण्ड पुरा गरेको हुन पर्नेछ ।

- कृषि विज्ञानमा स्नातकोत्तर उपाधि हाँसिल गरेको
- कृषि प्रसार/अनुसन्धानको क्षेत्रमा कम्तिमा ७ बर्षको कार्य अनुभव भएको
- सम्बन्धित विषयमा दक्षता हाँसिल गरेको

घ) विषय विशेषज्ञको Terms of Reference (TOR) देहाय वमोजिम हुनेछ –

- सुपरजोन कार्यान्वयन इकाईको मातहतमा रही लक्षित कार्यक्रम संचालनमा सहयोग गर्ने
- आवश्यकता अनुसार कृषि अनुसन्धान र प्रसारका कार्यक्रम संचालन गर्ने
- कृषकहरुका समस्या पहिचान गरी समाधान गर्ने
- अन्य सरोकारवाला निकायसंग समन्वय कायम गर्ने
- सुपरजोन क्षेत्रमा आवश्यकता अनुसार प्राविधिक सहयोग गर्ने
- अनुसन्धानवाट प्राप्त प्रविधिहरुको खोजी गरी उक्त प्रविधिहरु प्रसारणमा सहयोग गर्ने
- तथ्यांक व्यवस्थापन कार्यमा सहयोग गर्ने
- परियोजना संचालनको लागि आवश्यक पर्ने नीति नियम कार्यविधी र निर्देशिकाहरु तयारी गर्न सहयोग गर्ने ।
- सुपरजोन कार्यान्वयन इकाईमा रही अन्य आवश्यक कार्यहरु गर्ने

ङ) विषय विशेषज्ञ छनौटका आधारहरुदेहाय वमोजिम रहनेछन्-

| आधारहरु | अंक |
| --- | --- |
| • | न्यूनतम |
| शैक्षिक योग्यता | १० |
| • | न्यूनतम |
| भन्दा माथिल्लो शैक्षिक योग्यता | ५ |
| • | तोकिएको |
| न्यूनतम कार्य अनुभव | २० |
| • | तोकिएको |
| न्यूनतम भन्दा प्रत्येक थप एक बर्ष कार्य अनुभवका लागि २ अंक (बढीमा ५ बर्षका लागि) | १० |
| • | सामाजिक |
| समावेशिकरण (महिला, दलित, जनजाती, मधेसी, पिछडिएको क्षेत्र, अपाङ्ग) | १५ |
| • | सम्बन्धित |
| जिल्लाको वासिन्दा | ५ |
| • | अन्तरवार्ता |
| | ३५ |

च) अन्तरवार्ता बाहेकका अन्य आधारहरुमा मूल्यांकन गरी सवैभन्दा बढी अंक प्राप्त गर्ने ३ जना उम्मेदवारहरु अन्तरवार्ताको लागि योग्य हुनेछन् ।

**६.२० अन्य कार्यक्रमहरु संचालन र सहजिकरण**

क) यस खण्डको माथि उल्लेखित दफाहरुमा उल्लेख भएका कार्यक्रमहरुका अलावा परियोजना दस्तावेजको मर्म अनुरुपका सम्बन्धित सुपर-जोन संचालक समितिको माग वमोजिमका अन्य चालु तथा पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु समेत आवश्यकता अनुसार संचालन गर्न सकिनेछ । जमिन बाँझो राख्ने प्रवृत्तीलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिने छ । उक्त कार्यक्रमहरु संचालनको लागि नेपाल सरकारको तर्फवाट देहाय वमोजिमको अनुदान सहयोग उपलब्ध हुनेछ ।

| सि. नं | विवरण | सहजिकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (वीउ, वेर्ना, विरुवा, माछा भुरा लगायत) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ८५ प्रतिशत |
| केही अत्यावश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापनका लागि निर्देशक समितिको निर्णायानुसार थपसहजिकरणका विषयहरु निर्णय हुन सक्नेछन् । | | |

ख) परियोजना दस्तावेजमा स्वेच्छिक रुपमा जमिनको एकिकरण गर्ने अवधारणा अवलम्वन गरिएको सन्दर्भमा बार्षिक वजेट तथा कार्यक्रममा उल्लेख गरी जमिनको एकिकरणको लागि उत्प्रेरित गर्न अनुदानको व्यवस्था गरिनेछ ।

## खण्ड ७. कार्यक्रम अनुगमन/प्रतिवेदन

७.१ जिल्लाभित्र रहेका सुपर-जोन क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन सम्वन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) र परियोजना व्यवस्थापन इकाईले गर्नेछ ।

७.२ विषयगत निर्देशनालयहरुले आ-आफ्नो कार्यक्षेत्रभित्रका बाली/वस्तुका ब्लकहरुको र सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुले आवश्यकता अनुसार क्षेत्रीयस्तरका प्रयोगशाला र फार्मकेन्द्रहरुलाई समेत संलग्न गराई अन्तर्गतकासुपर-जोनहरुको अनुगमन निरिक्षण गरी परियोजना संचालक इकाइमा प्रतिवेदन/सुझाव दिनेछ । यसका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय,अन्य सम्वन्धित मन्त्रालयहरु, कृषि विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलेसमेत आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

७.३ सुपरजोन क्षेत्रहरुमा संचालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक तथा बार्षिक रुपमा सम्वन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले परियोजना व्यवस्थापन इकाइ समक्ष पेश गर्नेछ । परियोजना व्यवस्थापन इकाईले मासिक, चौमासिक र बार्षिक प्रगती प्रतिवेदन तयार

गरी कृषि विकास मन्त्रालयमा पठाउनेछ । प्रत्येक चौमासिक र बार्षिक अवधिमा कार्यक्रमको समिक्षा गरिनेछ ।

## खण्ड ८. विविध

८.१ यस कार्यविधीमा उल्लेख भएका वाहेक अन्य कुराहरु विद्यमान नर्मस, कार्यविधी, निर्देशिका, र प्रचलित नियम कानून बमोजिम हुनेछ ।

८.२ सुपरजोन संचालनमा नरहेका जिल्लाहरुमा सुपरजोन थप गर्न परेमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालय, क्षेत्रीय कृषि निर्देशनालय, कृषि विभागको समन्वयमा परियोजना कार्यान्वयन समितिको शिफारिसमा परियोजना निर्देशक समितिले गर्नेछ ।

८.३ सुपरजोन क्षेत्रमा आवश्यकता र संभाव्यता अनुरुप कृषि सडक, ग्रामिण विद्युतिकरण र प्राथमिक प्रशोधन सम्बन्धी घरेलु तथा साना उद्योगहरुको निर्माण/जडान/संचालन गर्न सम्वन्धित विभागहरु मार्फत कार्यक्रम तर्जुमा तथा कार्यान्वयन व्यवस्थाका लागि परियोजना कार्यान्वयन इकाईले सहजिकरण र समन्वय गर्नेछ ।

८.४ व्यवसायिक कृषकको आय कृषि क्षेत्रको समग्र आम्दानीवाट एकिन हुने भएकोले सुपरजोन क्षेत्रमा तोकिएको वालीका अलावा सम्बन्धित परियोजना कार्यान्वयन इकाईले अध्ययन गरी संभाव्यताको आधारमा अन्य वालिमा समेत कार्यक्रम संचालन गर्न सकिने छ ।